प्रत्यायोजित विधायनको प्रकृति: कार्यविधि
दर्ता नं. १२।०८२
दर्ता मिति: २०८२।०५।०५
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

माननीय मन्त्रीस्तरको मिति २०८२।०४।२३ को निर्णय अनुसार स्वीकृत

## बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन कार्यविधि, २०८२

प्रस्तावना: कृषकलाई गुणस्तरीय बीउ बिजन सहज र सुलभ रुपमा आपूर्ति गर्न संघ, प्रदेश र स्थानीय तहको सहकार्य र समन्वयमा बीउ बिजनको उत्पादन, आपूर्ति एवम् वितरण प्रणालीलाई सुदृढ बनाई बीउ उत्पादक तथा प्रयोगकर्ता कृषकहरुलाई प्रदान गर्ने प्रोत्साहन अनुदानलाई पारदर्शी एवम् एकद्वार प्रणाली मार्फत् व्यवस्थापन गर्नका लागि संचालन गरिने बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी एवम् उपलब्धीमूलक तवरले कार्यान्वयन गर्न, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाई लागू गरेको छ।

### परिच्छेद–१

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. परिभाषाः बिषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अनुदानग्राही" भन्नाले यस कार्यविधि बमोजिम प्रोत्साहन अनुदान प्राप्त गर्ने बीउ उत्पादन, बजारीकरण र उपयोगमा संलग्न कृषक, कृषक समूह, बीउ बिजनसँग सम्बन्धित सहकारी संस्था, सामुदायिक बीउ बैंक, कम्पनी, निजी फर्म समेत सम्झनु पर्दछ।

(ख) "उत्पादक" भन्नाले विभिन बालीका प्रजनन, मूल, प्रमाणित तथा उन्नत बीउ उत्पादनमा संलग्न कृषक, कृषक समूह सहकारी संस्था, सामुदायिक बीउ बैंक, निजी फर्म वा कम्पनी समेत सम्झनु पर्दछ।

(ग) "उन्नत बीउ" भनाले मूल वा प्रमाणित बीउबाट उत्पादन गरी यथार्थ संकेत लगाइएको बीउ सम्झनु पर्दछ। यसले बालीका वर्णशंङ्कर बीउलाई समेत जनाउँछ।

(घ) "कार्यक्रम" भन्नाले यस कार्यविधिको परिच्छेद ३, ४ र ५ मा उल्लेख भएका कार्यक्रम सम्झनु पर्दछ।

(ङ) "केन्द्र" भन्नाले बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र सम्झनु पर्दछ।

(च) "जिल्ला स्थित कार्यालय" भन्नाले प्रदेश मन्त्रालय अन्तर्गतको जिल्ला स्थित कृषि हेर्ने कार्यालय सम्झनु पर्दछ।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

(छ) "डेसिस (DESES)" भन्नाले यस कार्यविधिको दफा ५ को उपदफा (१) बमोजिमको विद्युतीय बीउ बिजन व्यवस्थापन प्रणाली (डिजिटली इनेबल्ड सीड म्यानेजमेन्ट सिस्टम) सम्झनु पर्दछ ।

(ज) "प्रमाणीकरण निकाय" भन्नाले बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, प्रादेशिक बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र वा प्रमाणीकरण गर्ने अधिकार प्राप्त बीउ बिजन परीक्षण प्रयोगशालाहरु सम्झनु पर्दछ।

(झ) "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश सरकार मातहतको कृषि विषय हेर्ने मन्त्रालय सम्झनु पर्दछ।

(ञ) "प्रोत्साहन अनुदान" भन्नाले स्रोत बीउ उत्पादक, उन्नत बीउ उत्पादक र प्रयोगमा संलग्न कृषकलाई यस कार्यविधि बमोजिम प्रदान गरिने नगद तथा बस्तुगत सहयोग सम्झनु पर्दछ।

(ट) "वर्णशंकर बीउ" भन्नाले दुई भिन्न पैत्रिक लाइन (इन्ब्रेड लाइन) को समागमबाट उत्पादन गरिएको नेपालमा विकास भएका बालीका जातको पहिलो पुस्ताको बीउ सम्झनुपर्दछ।

(ठ) "बीउ बिजन" भन्नाले यस कार्यविधि बमोजिमको स्रोत बीउ, उन्नत बीउ र वर्णशंकर बीउ सम्झनु पर्दछ।

(ड) "विभाग" भन्नाले कृषि विभागलाई सम्झनु पर्दछ।

(ढ) "मन्त्रालय" भन्नाले संघीय कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्दछ।

(ण) "समिति" भन्नाले यस कार्यविधिको दफा ९ को उपदफा (१) बमोजिमको बीउ बिजन आपूर्ति तथा वितरण व्यवस्थापन समिति सम्झनु पर्दछ।

(त) "स्रोत बीउ" भन्नाले यस कार्यविधिको प्रयोजनको लागि प्रमाणीकरण पद्धतिद्वारा प्रमाणित गरिएको मूल र प्रमाणित बीउ सम्झनु पर्दछ र सो शब्दले प्रजनन् बीउ र वर्णशंकर जातका पैत्रिक लाइन समेतलाई जनाउँछ।

## परिच्छेद २:

## डेसिस प्रणालीमा आधारित प्रोत्साहन अनुदान

३. **कार्यक्रमको कार्यक्षेत्र :** यस कार्यविधिमा उल्लेख भए बमोजिमका डेसिस प्रणालीमा आधारित अनुदान कार्यक्रमहरु तीनवटै तहका सरकारहरुको समन्वय तथा सहकार्यमा नेपालभर सञ्चालन हुनेछ।

४. **अनुदान उपलब्ध गराउन सकिने:** यस कार्यविधि अन्तर्गत निम्न कार्यहरुमा प्रोत्साहन अनुदान उपलब्ध गराउन सकिनेछ।

(क) स्रोत बीउ उत्पादनमा प्रोत्साहन अनुदान

(ख) उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान

सचिव

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

(ग) उन्नत बीउको प्रयोगमा प्रोत्साहन अनुदान

५. **डेसिस (DESES) सञ्चालन** : (१) बीउ बिजनको उत्पादन, आपूर्ति तथा बितरण एबम् सोको लागि उपलब्ध गराइने स्रोत बीउ र उन्नत बीउको वासलात र अनुदान बितरणलाई व्यवस्थित गर्न विद्युतीय बीउ बिजन व्यवस्थापन प्रणाली (डेसिस DESES) को उपयोग गरिने छ।

(२) डेसिसको कार्यान्वयन विभाग, केन्द्र, बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, प्रदेश मन्त्रालय एवम् सो अन्तर्गतका प्रादेशिक बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र र जिल्ला स्थित कार्यालयहरु र स्थानीय तहहरुबाट हुनेछ।

(३) डेसिस (DESES) को समग्र रेखदेख तथा विद्युतीय अनुगमन एवम् सुपरिवेक्षण मन्त्रालयबाट हुनेछ।

(४) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्न चाहने उत्पादक तथा प्रयोगमा अनुदान उपलब्ध गराउने स्थानीय तह अनिवार्य रुपमा डेसिस (DESES) मा दर्ता हुनु पर्नेछ।

(५) अनुदान प्रयोजनका लागि संचालन हुने कार्यक्रम सम्बन्धी आवश्यक सूचना तथा जानकारी सम्बन्धित सरोकारवालाले डेसिस (DESES) मार्फत् प्राप्त गर्न सक्नेछन्।

## परिच्छेदः३

## स्रोत बीउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रम

६. **स्रोत बीउ उत्पादनमा प्रोत्साहन अनुदान उपलब्ध गराइने:** (१) स्रोत बीउ उत्पादन गर्न इजाजत प्राप्त स्रोत बीउ उत्पादकलाई केन्द्रले प्रोत्साहन अनुदान उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) अनुसार अनुदान उपलब्ध गराउन आवश्यक कार्यक्रम तथा बजेटको व्यवस्था मन्त्रालयले गर्नेछ।

(३) स्रोत बीउ उत्पादनमा प्रोत्साहन अनुदान उपलब्ध गराइने बाली, जात र प्रति के.जी. प्रोत्साहन अनुदान रकम समितिले निर्धारण गर्नेछ। समितिले भूगोल र प्रोत्साहन अनुदान उपलब्ध हुने बाली/जातको प्रकार (खुला सेचित, वर्णशंकर, मोटो, मध्यम, मसिनो) अनुसार फरक फरक हुने गरी प्रति के.जी. प्रोत्साहन अनुदान दर निर्धारण गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम स्रोत बीउ उत्पादनमा प्रोत्साहन अनुदान उपलब्ध गराउने प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) स्रोत बीउमा प्रोत्साहन अनुदान उपलब्ध गराउने कार्यको लागि केन्द्रले निश्चित समय सीमा तोकी सार्वजनिक सूचना आव्हान गर्नेछ।



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं
सचिव

(ख) स्रोत बीउमा प्रोत्साहन अनुदान प्राप्त गर्न योग्य इच्छुक अनुमति प्राप्त स्रोत बीउ उत्पादकहरुले अनुसूची १ बमोजिमका आवश्यक कागजात सहित केन्द्रले तोकेको समयभित्र डेसिस (DESES) मार्फत् आवेदन गर्नुपर्नेछ।

(ग) खण्ड (ख) बमोजिम डेसिस (DESES) मार्फत् आवेदन पेश गर्ने आवेदकहरु मध्ये मापदण्ड पुगेका आवेदकहरुमात्र प्रोत्साहन अनुदानका लागि योग्य हुने छन्।

(घ) केन्द्रले तोकेको समयभित्र खण्ड (ग) बमोजिमको आवेदकले अनुसूची-२ अनुसारको विवरण डेसिस (DESES)मा प्रविष्ट गर्नु पर्नेछ।

(ङ) यस दफा बमोजिम प्रोत्साहन अनुदान उपलब्ध गराउँदा स्रोत बीउको परिमाण यकिन गर्न समितिले निर्धारण गरे अनुसारको बीउ वृद्धि अनुपात (सीड मल्टिप्लिकेसन रेसियो), ट्यागको विवरण तथा अन्यत्रबाट खरिद गरिएको अवस्थामा प्रजनन् वा मूल बीउको स्रोत एवम् परिमाण र आफैंले उत्पादन गरेको मूल बीउलाई स्रोत बीउको रुपमा प्रयोग गरी प्रमाणित बीउ उत्पादन गरेको अवस्थामा प्रजनन् बीउ खरिद विवरण एवम् मूल बीउको प्रमाणीकरण सम्बन्धी विवरणलाई प्रमुख आधारको रुपमा लिइनेछ।

(च) उपदफा (१) बमोजिमका स्रोत बीउ उत्पादकले उत्पादन गरेको बीउको परिमाण सम्बन्धमा थप यकिन गर्न आवश्यक देखिएमा केन्द्रले प्रमाणीकरण निकायहरुसँग समन्वय गरी प्राविधिक परीक्षण (टेक्निकल अडिट) समेत गर्न सक्नेछ।

(छ) उपदफा (१) बमोजिम प्रोत्साहन अनुदान उपलब्ध गराउँदा बिक्री भएको बीउको परिमाणमा उपलब्ध गराइनेछ।

(ज) समितिले निर्धारण गर्ने प्रति के.जी. प्रोत्साहन अनुदान रकम नेपाल कृषि अनुसन्धान परिषद्बाट चालु आर्थिक वर्षमा मूल्य तोकेको भए सोही वर्षको र चालु आर्थिक वर्षमा मूल्य नतोकेको अवस्थामा अघिल्लो आर्थिक वर्षमा तय गरिएको मूल्य र बजार मूल्यका आधारमा समितिद्वारा निर्धारण गरिएको प्रति के.जी. औसत मूल्यको अधिकतम् ३० प्रतिशत भन्दा बढी हुने छैन।

(झ) प्रोत्साहन अनुदान बापत दिइने अनुदान रकम खण्ड (ङ), (च) र (छ) को विवरणका आधारमा केन्द्रले आवेदकको बैंक खातामा उपलब्ध गराउनेछ ।

(ञ) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने स्रोत बीउ उत्पादकले आफूले उत्पादन गरेको स्रोत बीउ सो भन्दा तल्लो स्तरका बीउ उत्पादन तथा कारोबार गर्न अनुमति प्राप्त उत्पादकलाई उपलब्ध गराउनु पर्नेछ।

(ट) यस कार्यविधि बमोजिम डेसिस (DESES)मा आवद्ध भई कार्यक्रममा सहभागी हुन चाहने उत्पादकले परिच्छेद-३ बमोजिमको कार्यक्रम वा परिच्छेद-४ बमोजिमको

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं
सचिव

कार्यक्रम मध्ये कुनै एक कार्यक्रममा मात्र सहभागी भई प्रोत्साहन अनुदान पाउन सक्नेछन् ।

## परिच्छेद-४

## उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रम

७. **उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान उपलब्ध गराइने:** (१) उन्नत बीउको उत्पादन तथा आपूर्ति सुनिश्चित गर्नका लागि जिल्लास्थित कार्यालयले उन्नत बीउ उत्पादकलाई प्रोत्साहन अनुदान उपलब्ध गराउनेछ।

(२) उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान उपलब्ध गराउँदा बाली, जात, प्रति के.जी. औसत मूल्य र प्रोत्साहन अनुदान रकम प्रदेश मन्त्रालयबाट प्राप्त सिफारिस तथा प्रचलित बजार मूल्य समेतको आधारमा समितिबाट निर्धारण भएको औसत मूल्यको अधिकतम ५० प्रतिशतमा नबढ्ने गरी समितिले प्रति के.जी. प्रोत्साहन अनुदान रकम तोक्नेछ। समितिले बीउ उत्पादन क्षेत्र, भूगोल र प्रोत्साहन अनुदान उपलब्ध हुने बाली/जातको प्रकार (खुला सेचित, वर्णशंकर, मोटो, मध्यम, मसिनो, रैथाने) अनुसार फरक फरक हुने गरी मूल्य निर्धारण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रोत्साहन अनुदान प्रदान गर्ने कार्यक्रमको लागि प्रदेश मन्त्रालयलाई सङ्घीय सशर्त अनुदान उपलब्ध गराइनेछ।

(४) उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान उपलब्ध गराउने प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) उपदफा (१) बमोजिम प्रोत्साहन अनुदान प्राप्त गर्न बीउ उत्पादकले डेसिस (DESES) मार्फत् आवेदन दिनु पर्नेछ।

(ख) उपदफा (१) बमोजिम प्रोत्साहन अनुदान उपलब्ध गराउने कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकहरुको लागि आवेदन पेश गर्न केन्द्रले सार्वजनिक सूचना प्रकाशन गर्नेछ। दफा ८ को उपदफा (३) को खण्ड (क) को प्रयोजनको लागि समेत यही सूचना मार्फत् आवेदन माग हुनेछ।

(ग) खण्ड (क) बमोजिम डेसिस (DESES) मार्फत् आवेदन पेश गर्ने आवेदकहरु मध्ये अनुसूची-३ बमोजिमको मापदण्ड पुगेका आवेदकहरुलाई मात्र केन्द्रले प्रोत्साहन अनुदान उपलब्ध गराउने प्रक्रियामा लैजानेछ।

(घ) खण्ड (ग) बमोजिमका योग्य आवदेकहरुले उत्पादन गरेको उन्नत बीउ परिमाण उपदफा (२) अनुसारको मूल्यमा उपलब्ध गराउने गरी डेसिस (DESES)मा प्रविष्ट गर्नुपर्नेछ ।

(ङ) खण्ड (घ) बमोजिम आवश्यक विवरण प्रविष्ट भए पश्चात् यस परिच्छेद अनुसारको कार्यक्रमबाट खपत हुने उन्नत बीउको परिमाण सम्बन्धमा माग र आपूर्ति विवरण

प्रविष्ट गर्ने समयावधि सकिए पछि केन्द्रले डेसिस (DESES) मार्फत् वासलात तयार गरी सम्बन्धित आवेदकलाई जिल्लास्थित कार्यालय तथा डेसिस मार्फत् जानकारी गराउनेछ ।

(च) आवेदकलाई डेसिस (DESES)मा प्रविष्ट गरी बिक्री भएको बीउको परिमाणको हकमा मात्र प्रोत्साहन अनुदान जिल्लास्थित कार्यालय मार्फत उपलब्ध हुनेछ। डेसिस (DESES)मा प्रविष्ट भएको तर डेसिस (DESES) मार्फत् बजारीकरण सुनिश्चित हुन नसकेको बीउको बिक्री व्यवस्थापन आवेदक स्वयम्ले गर्नु पर्नेछ।

(छ) उन्नत बीउमा प्रोत्साहन अनुदान उपलब्ध गराउने कार्यका लागि उत्पादित उन्नत बीउको परिमाण यकिन गर्दा समितिले निर्धारण गरेको बीउ बृद्धि अनुपात (सिड मल्टिप्लिकेसन रेसियो), स्रोत बीउ परिमाण तथा ट्यागको विवरण, अन्तिम खेत निरीक्षण फारम, संघ, प्रदेश तथा स्थानीय तहमा कार्यरत कृषि प्राविधिक वा बीउ बिजन निरीक्षकबाट जारी बीउको लट प्रमाणित कागजातलाई प्रमुख आधारको रुपमा लिनेछ।

(ज) खण्ड (ङ) बमोजिम वासलात अनुसार तोकिएको निकायलाई उन्नत बीउ आपूर्ति तथा बिक्री वितरण गरेको प्रमाण सहित अनुसूची ४ बमोजिमको कागजात आवेदकबाट प्राप्त भए पछि जिल्लास्थित कार्यालयबाट आवेदकको बैंक खातामा प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ।

(झ) जिल्लास्थित कार्यालयमा खण्ड (ङ) अनुसारको वासलात बमोजिम बिक्रि भएको सम्पूर्ण उन्नत बीउलाई प्रोत्साहन अनुदान अपर्याप्त भएमा जिल्लास्थित कार्यालयले प्रदेश मन्त्रालयसँग थप बजेट माग गर्न र प्रदेश मन्त्रालयले सशर्त अनुदानको लागि उपलब्ध बजेटको सिमाभित्र रही जिल्लागत बजेट बाँडफाँड मिलान गरी उपलब्ध गराउन सक्नेछ। प्रदेश मन्त्रालयबाट थप बजेट उपब्ध हुन नसकेमा जिल्लास्थित कार्यालयले कार्यविधिको दफा १० (१) बमोजिमको समितिबाट निर्णय गराई दामासाहीले प्रोत्साहन अनुदान रकम उपलब्ध गराउन सक्नेछ।

(ञ) यस परिच्छेद बमोजिम उन्नत बीउ उत्पादनमा प्रति के.जी. प्रोत्साहन अनुदान उपलब्ध गराउने सिलसिलामा कुनै एक जिल्लामा संस्थाको ठेगाना कायम गरी अन्य जिल्लामा बीउ उत्पादन गरी बीउको जात अनुसारको परिमाण डेसिसमा प्रविष्ट गरेको अवस्थामा बीउ उत्पादन भएको जिल्ला रहेको प्रदेशको बीउ बिजन प्रयोगशाला वा एकीकृत कृषि प्रयोगशाला वा प्रदेश बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रमा बीउको सम्पूर्ण विश्लेषण गरिएको र बीउ उत्पादनका क्रममा खडाबाली निरीक्षण, ट्यागिङ्ग तथा भण्डारण समेत बीउ उत्पादन भएको जिल्लामा गरेको अवस्थामा उन्नत बीउ उत्पादकलाई सोही जिल्लाबाट उन्नत बीउमा प्रति के.जी. प्रोत्साहन अनुदान उपलब्ध गराउन सकिनेछ। तर, यसरी प्रोत्साहन अनुदान रकम उपलब्ध गराउनु पूर्व

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

उत्पादकको ठेगाना भएको जिल्लाको जिल्लास्थित कार्यालयबाट अन्य जिल्लामा उत्पादन भएको उन्नत बीउको परीमाणमा प्रोत्साहन अनुदान उपलब्ध नगराइएको व्यहोरा प्रमाणित भएको हुनु पर्नेछ ।

(५) बीउ उत्पादनमा लागत न्यूनीकरण तथा गुणस्तर कायम गर्न बीउ उत्पादकलाई क्षमता अभिवृद्धि, प्रविधि प्रसार, प्रशोधन तथा अनुसूची ५ मा उल्लिखित पूर्वाधार/मेशिनरी औजारमा सहयोग लगायतका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ। यसरी सञ्चालन हुने कार्यक्रम अन्तर्गत उपलब्ध गराइने पूर्वाधार/मेशिनरी औजारहरुमा लागत अनुमान/खरिद मूल्यको ५० प्रतिशतमा नबढ्ने गरी अनुदान जिल्ला स्थित कार्यालयले उपलब्ध गराउन सक्नेछ।

(६) यस दफा अनुसार संचालन हुने अनुदान कार्यक्रमको प्रदेशस्तरमा समन्वय तथा सहजीकरण गर्न सम्बन्धित प्रदेश मन्त्रालयले अधिकृतस्तरको प्राविधिक कर्मचारीलाई सम्पर्क अधिकृतको रुपमा तोक्न सक्नेछ।

(७) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि परिच्छेद-४ बमोजिमको प्रोत्साहन अनुदान प्राप्त नहुने गरी नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको कम्पनी वा सरकारी फार्म केन्द्रहरुद्धारा उत्पादन हुने उन्नत बीउको परिमाण समेत डेसिस (DESES) मा प्रविष्ट गर्न सकिनेछ र केन्द्रले वासलात तयार गर्दा उक्त परिमाणलाई समेत समावेश गरी गर्नेछ।

## परिच्छेद-५

## उन्नत बीउ बिजनको प्रयोगमा अनुदान कार्यक्रम

८. उन्नत बीउ बिजन प्रयोगमा प्रोत्साहन अनुदान उपलब्ध गराइने: (१) उन्नत बीउ बिजनको प्रयोगलाई बढावा दिन उन्नत बीउ प्रयोगकर्ता कृषकलाई समितिबाट तोकिएका बाली र जात अनुसारको बीउ बिजनमा उपदफा (३) को खण्ड (छ) अनुसारको मूल्यमा स्थानीय तहले अनुदान उपलब्ध गराउनेछ।

(२) उपदफा (१) बमोजिम अनुदान प्रदान गर्ने कार्यक्रमको लागि सम्बन्धित स्थानीय तहलाई सङ्घीय सशर्त अनुदान उपलब्ध गराइनेछ।

(३) उन्नत बीउ बिजनको प्रयोगमा प्रोत्साहन अनुदान उपलब्ध गराउने प्रकृया देहाय बमोजिम हुनेछ-

(क) कृषकलाई उन्नत बीउ उपलब्ध गराउन भौगोलिक अवस्था अनुसार बीउको माग गर्ने र आपूर्ति हुने समय तथा डेसिस (DESES)मा विवरण प्रविष्ट गर्नु पर्ने समय समेत उल्लेख गरी केन्द्रले सूचना प्रकाशन गर्नेछ।

(ख) स्थानीय तहले स्थानीय कृषकको माग र स्वीकृत बजेट तथा कार्यक्रमको परिधि भित्र रही आफूलाई आवश्यक पर्ने उन्नत बीउको माग डेसिस (DESES) मा दर्ता भई सोही प्रणाली मार्फत् गर्नुपर्नेछ।



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

(ग) डेसिस (DESES)मा माग प्रविष्ट भए पश्चात् केन्द्रले डेसिस (DESES) मा प्रविष्ट बालीको जात र बीउ परिमाणको आधारमा सम्बन्धित स्थानीय तहलाई डेसिस (DESES) मार्फत् नै वासलात तयार गरी उन्नत बीउ आपूर्ति गर्ने स्रोत केन्द्र र प्राप्त हुने उन्नत बीउको परिमाण निर्धारण गर्नेछ। यसरी वासलात तयार गर्दा भौगोलिक सूचना प्रणाली (GIS) को प्रयोग गरी स्रोत केन्द्र तोकिनेछ।

(घ) खण्ड (ग) बमोजिम वासलात तयार गर्दा स्थानीय तहबाट माग गरे बमोजिम बीउ उपलब्ध हुन नसकेको वा वासलातमा नपरेको अवस्थामा स्थानीय तहले स्रोत बीउ खरिदको स्रोत तथा परिमाण, अन्तिम खेत निरीक्षण प्रतिवेदन, बीउको प्राविधिक परीक्षण प्रतिवेदन, सम्पूर्ण वीउ विश्लेषण प्रतिवेदन अनुसार उन्नत बीउको उत्पादन परिमाण यकिन गरी बीउ खरिद प्रक्रिया अगाडि बढाई कृषकलाई बढीमा ५० प्रतिशत मूल्य अनुदानमा वितरण गर्न सक्नेछ।

(ङ) खण्ड (ग) बमोजिम डेसिस (DESES) मार्फत् प्राप्त बीउ सबै कृषकको माग पूरा गर्न अपर्याप्त हुने भएमा स्थानीय तहले बीउ वितरणको मापदण्ड बनाई वितरण गर्न सक्नेछ। उन्नत बीउ वितरण सम्बन्धी आवश्यक अन्य प्रक्रिया सम्बन्धित स्थानीयतहले नै स्वीकृत गरी कार्यान्वयन गर्न सक्नेछ।

(च) बीउ बिजन बाँडफाँट सम्वन्धी जानकारी प्रदेश मन्त्रालय मातहतका निर्देशनालय, जिल्लास्थित कार्यालय र स्थानीय तहलाई डेसिस (DESES) मार्फत् प्राप्त हुनेछ।

(छ) स्थानीय तहले तोकिएका उन्नत बीउ आपूर्ति गर्ने स्रोत केन्द्र वा आपूर्तिकर्ताबाट तोकिएको स्थानसम्मको बीउ ढुवानी गराई कृषकहरुलाई दफा ७ को उपदफा (२) बमोजिम समितिले निर्धारण गरेको मूल्यमा वा सो मूल्यमा जिल्ला दररेट अनुसारको ढुवानी भाड़ा समेत जोडी कायम हुने बीउको मूल्यमा ५० प्रतिशत अनुदान उपलब्ध गराउनु पर्नेछ ।

(ज) स्थानीय तहले आफ्नो क्षेत्रका बीउ कारोबारको अनुमति प्राप्त संस्था वा सहकारीलाई सुचिकृत गरी खण्ड (छ) बमोजिमको बीउ वासलातबमोजिम तोकिएको श्रोतकेन्द्र देखि ढुवानी गराई कृषकलाई वितरण गर्ने गरी तोक्न सक्नेछ। तोकिएको वितरकलाई बीउ ढुवानी बापतको यथार्थ रकम र व्यवस्थापन खर्चको रुपमा, वितरण भएको बीउको मूल्यको बढिमा ५ प्रतिशत रकम संघीय सशर्त अनुदानबापत उपलव्ध हुने उन्नत बीउ वितरकलाई प्रोत्साहन अनुदानबाट उपलब्ध गराउन सक्नेछ।

(झ) खण्ड (छ) बमोजिम अनुदान दिंदा सम्भव भएसम्म सम्वन्धित अनुदानग्राहीको बैंक खातामा अनुदान बापत्को रकम भुक्तानी गर्नु पर्नेछ।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

(ञ) खण्ड (छ) अनुसारका अनुदानग्राहीलाई उपलब्ध गराइएको अनुदानित बीउको परिमाण तथा प्राप्त गरेको अनुदानको बिवरण समेत खुलाई स्थानीय तहले सार्वजनिक सूचना मार्फत जानकारी गराउनु पर्नेछ ।

(ट) डेसिस (DESES) मार्फत तोकिएको स्रोत केन्द्रको बीउ बिजनको गुणस्तरको स्थलगत प्रमाणीकरण, अनुदानमा वितरण भएको बीउको परिमाण र प्राप्त गर्ने वास्तविक कृषक, सो को यथार्थ बिल भर्पाई को सम्बन्धमा आवश्यकता अनुसार अनुगमन तथा प्रमाणीकरण गर्ने जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

## परिच्छेद-६

## समिति सम्बन्धी व्यवस्था

९. बीउ बिजन आपूर्ति तथा वितरण व्यवस्थापन समितिः (१) गुणस्तरीय बीउ बिजनको आपूर्ति तथा बितरण प्रणालीलाई व्यवस्थित बनाउन देहाय बमोजिमको बीउ बिजन आपूर्ति तथा वितरण व्यवस्थापन समिति रहनेछः

| | |
|---|---|
| (क) सचिव, मन्त्रालय | अध्यक्ष |
| (ख) सहसचिव, योजना हेर्ने महाशाखा, मन्त्रालय | सदस्य |
| (ग) सहसचिव, बीउ बिजन हेर्ने महाशाखा, मन्त्रालय | सदस्य |
| (घ) प्रमुख, बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र | सदस्य |
| (ङ) महानिर्देशक, विभाग | सदस्य |
| (च) निर्देशक, बाली तथा बागवानी, नेपाल कृषि अनुसन्धान परिषद् | सदस्य |
| (छ) प्रबन्ध निर्देशक, कृषि सामाग्री कम्पनी लि | सदस्य |
| (ज) अध्यक्ष, नेपाल बीउ ब्यवसायी संघ | सदस्य |
| (झ) अध्यक्ष, राष्ट्रिय बीउ उत्पादक संघ | सदस्य |
| (ञ) प्रमुख, केन्द्र | सदस्य सचिव |

(२) उपदफा (१) अनुसारको समितिमा प्रदेश मन्त्रालयका सचिवहरुलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सकिनेछ।

(३) उपदफा (१) अनुसारको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) परिच्छेद ३, ४ र ५ अन्तर्गत सञ्चालन हुने कार्यक्रमका लागि बाली, जात, प्रकार, मूल्य अनुदान दर, बिजवृद्धि अनुपात आदि निर्धारण गर्ने,



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

(ख) स्रोत बीउ उत्पादकलाई हरेक वर्षको लागि आवश्यक पर्ने प्रजनन् तथा मूल बीउको सहज व्यवस्थाका लागि सरोकारवाला निकायसँग समन्वय गर्ने,

(ग) प्रजनन् तथा मूल बीउको माग तथा आपूर्ति व्यवस्थापनका लागि सम्बन्धित निकायहरुलाई आवश्यकता अनुसार निर्देशन दिने,

(घ) कार्यक्रम संचालनका लागि आवश्यक बजेट तथा क्रियाकलापहरु तर्जुमा र कार्यान्वयनमा सहजीकरण एवम् निर्णय गर्ने,

(ङ) कार्यक्रम सञ्चालन सम्बन्धमा प्रदेश मन्त्रालय एवम् स्थानीय तहहरुसँग समन्वय एवम् सहजीकरण गर्ने,

(ङ) आवश्यकता अनुसार कार्यक्रमको अनुगमन तथा आवधिक रुपमा समीक्षा गर्ने,

(च) आवश्यकता अनुसार कार्यविधि संशोधनका लागि मन्त्रालयमा सिफारिस गर्ने र

(छ) यस कार्यविधि बमोजिम गर्नुपर्ने अन्य कार्यहरु सम्पादन गर्ने।

(४) प्राविधिक समितिः उपदफा (१) बमोजिमको समितिलाई प्राविधिक सहयोग गर्न देहाय बमोजिमको प्राविधिक समिति रहनेछः

| | |
|---|---|
| (क) प्रमुख, केन्द्र | संयोजक |
| (ख) शाखा प्रमुख, कृषि उत्पादकत्व शाखा, मन्त्रालय | सदस्य |
| (ग) शाखा प्रमुख, बाली विकास शाखा, विभाग | सदस्य |
| (घ) वरिष्ठ बाली विकास अधिकृत, बीउ विजन गुणस्तर नियन्त्रण केन्द्र | सदस्य |
| (ङ) वैज्ञानिक, राष्ट्रिय बीउ विज्ञान अनुसन्धान केन्द्र, नेपाल कृषि अनुसन्धान परिषद् | सदस्य |
| (च) शाखा प्रमुख, प्राविधिक शाखा, केन्द्र | सदस्य सचिव |

(५) उपदफा (४) अनुसारको प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) परिच्छेद ३, ४ र ५ अन्तर्गत सञ्चालन हुने कार्यक्रमका लागि बाली, जात, प्रकार, मूल्य अनुदान दर, बिजवृद्धि अनुपात निर्धारणका लागि प्रदेशहरुबाट प्राप्त तथ्याङ्कहरु र बजार मूल्य कम्पाइल र अध्ययन गरि समितिमा सिफारिस गर्ने,

(ख) समितिको निर्देशन अनुसार कार्यक्रमको अनुगमन तथा समीक्षा गर्ने,

(ग) आवश्यकता अनुसार कार्यविधि संशोधनका लागि समितिमा सिफारिश गर्ने र

(घ) समितिको निर्देशन अनुसार यस कार्यविधि बमोजिम गर्नुपर्ने अन्य कार्यहरु सम्पादन गर्ने।

१०. <u>जिल्लास्तर बीउ बिजन समन्वय समितिः</u> (१) जिल्लास्तरमा बीउ बिजन आपूर्ति तथा बितरण प्रणालीलाई व्यवस्थित गर्न देहाय बमोजिमको जिल्लास्तर बीउ बिजन समन्वय समिति रहनेछ:

(क) प्रमुख, जिल्लास्थित कार्यालय — अध्यक्ष

(ख) जिल्ला बीउ व्यबसायी संघको अध्यक्ष (वा नेपाल बीउ व्यवसायी संघको प्रतिनिधि) — सदस्य

(ग) जिल्लास्थित कार्यालयले छनौट गरेको बीउ बिजनसँग सम्बन्धित सहकारी/सामुदायिक बीउ बैक/बीउ उत्पादक कृषक मध्येबाट १ जना — सदस्य

(घ) जिल्ला स्थित कार्यालयको प्राविधिक अधिकृत — सदस्य

(ङ) कम्तीमा छैटौं तहको प्राविधिक अधिकृत, जिल्ला स्थित कार्यालय — -सदस्य सचिव

(२) उपदफा (१) अनुसारको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) जिल्लास्तरमा सञ्चालन हुने बीउ उत्पादन कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने,

(ख) बीउ उत्पादन कार्यक्रममा आवद्ध हुन चाहने आवेदकहरुको छनौटका आधारहरु तयार गर्ने,

(ग) बीउ उत्पादन कार्यक्रमका लागि मापदण्ड तयार गरी क्लष्टर छनौट गर्ने,

(घ) यस कार्यविधि अन्तर्गत सञ्चालन हुने बीज वृद्धि कार्यक्रममा आवश्यक पर्ने प्राविधिक सेवाको व्यवस्थापनमा सहजीकरण गर्ने,

(ङ) जिल्लास्तरमा स्रोत तथा उन्नत बीउ बिजनको माग तथा आपूर्ति सम्बन्धमा तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गर्ने,

(च) डेसिस (DESES)को बारेमा सम्बन्धित पक्षहरुलाई सुसूचित गर्ने गराउने र सो प्रणालीमा आवश्यक पर्ने बाली, जात, प्रकार तथा मूल्य अनुदान सम्बन्धी विवरण प्रदेश मन्त्रालयमा सिफारीस गर्ने।

(छ) जिल्लास्तरमा बीउ बिजन गुणस्तर निरीक्षण कार्यमा सहजीकरण तथा बीउ बिजन कार्यक्रमको अनुगमन गर्ने,

(ज) कार्यक्रम सञ्चालनका क्रममा आवश्यकता अनुसार स्थानीय तह, प्रदेश मन्त्रालय र सरोकारवालासँग समन्वय गर्ने र

(झ) यस कार्यविधि बमोजिम जिल्लास्तरमा गर्नुपर्ने अन्य कार्यहरु सम्पादन गर्ने।

## परिच्छेद-७

## विविध

११. **समन्वय र सहजीकरण:** (१) कार्यविधि कार्यान्वयनमा विभाग, प्रदेश मन्त्रालय र स्थानीय तहका तर्फबाट निम्नानुसार सहयोग, सहजीकरण एवम् समन्वय हुनेछ:-

(क) बार्षिक कार्यक्रम तर्जुमा, वासलात तयारी तथा कार्यक्रम कार्यान्वयन, कार्यक्रमको अभिमुखीकरण, प्राविधिक सेवा टेवामा समन्वय, डेसिस (DESES) सञ्चालनमा सहजीकरण, प्रदेश मन्त्रालय तथा स्थानीय तहसँग कार्यगत समन्वय, नियमित अनुगमन तथा प्रगति प्रतिवेदन जस्ता कार्यहरु विभाग वा केन्द्रबाट हुनेछ।

(ख) बीउ उत्पादकहरुको क्षमता अभिवृद्धि एवम् प्राविधिक सेवा टेवा प्रवाह, बीउ बिजन गुणस्तर निरीक्षण, बीउ बिजनको माग तथा आपूर्ति सम्बन्धी तत्थाङ्क सङ्कलन, डेसिस (DESES)मा नियमित सूचना प्रविष्टि, अन्तर जिल्ला समन्वय, कार्यक्रमको नियमित अनुगमन तथा निरीक्षण, प्रतिवेदन जस्ता विषयहरुमा प्रदेश मन्त्रालयबाट सहयोग, सहजीकरण एवम् समन्वय गरिनेछ।

(ग) उन्नत बीउ प्रयोग गर्ने कृषकहरुलाई प्राविधिक सेवा टेवा प्रवाह, बीउ बिजनको स्थानीय माग तथा आपूर्ति सम्बन्धी तथ्याङ्क सङ्कलन, डेसिस (DESES) मा नियमित सूचना प्रविष्टि, कार्यक्रमको नियमित अनुगमन तथा निरीक्षण, प्रतिवेदन जस्ता विषयहरुमा स्थानीय तहबाट सहयोग, सहजीकरण एवम् समन्वय गरिने छ।

१२. **दोहोरोपना नहुने:** (१) यस कार्यविधि बमोजिम अनुदानग्राहीले एकपटकमा एउटै प्रकृतिको कामको लागि कुनै एक प्रकारको प्रोत्साहन अनुदान प्राप्त गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राहीको विवरण कार्यक्रम कार्यान्वयन गर्ने निकायले अनिवार्य रुपमा डेसिसमा (DESES) राख्नुपर्ने वा केन्द्रलाई सम्प्रेषण गर्नु पर्नेछ।

१३. **बीउ बालीको बीमा गराउन प्रोत्साहित गरिने:** यस कार्यक्रम अन्तर्गत स्रोत बीउ र उन्नत बीउ उत्पादन गर्ने आवेदकलाई बिउ बालीको बीमा गराउन प्रोत्साहित गरिनेछ।

१४. **प्रतिवेदन पेश गर्नु पर्ने:** (१) कार्यक्रम संचालन भएका स्थानीय तहले सिधै र सम्बन्धित जिल्लास्थित कार्यालयले प्रदेश मन्त्रालय मार्फत् सञ्चालित कार्यक्रमको प्रगति प्रतिवेदन मासिक एवम् बार्षिक रुपमा केन्द्रमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रगति प्रतिवेदनहरुलाई केन्द्रले मासिक एवम् वार्षिक रुपमा सङ्कलन र बिश्लेषण गरी राय सुझावसहित विभाग मार्फत मन्त्रालयमा पेश गर्नु पर्नेछ।

१५. **अनुदानको व्यहोरा उल्लेख गर्नुपर्ने:** अनुसूची-५ बमोजिमको अनुदान सहयोग प्राप्त गर्ने बीउ उत्पादन कार्यक्रम सञ्चालन भएको स्थलमा सञ्चालन गरिएको क्रियाकलाप, कुल लागत, सरकारले उपलब्ध



नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं सचिव

गराएको अनुदान रकम र अनुदानग्राहीको योगदान रकम उल्लेख गरिएको जानकारीमूलक सूचनाबोर्ड राख्नु पर्नेछ।

१६. <u>अनुगमन सम्बन्धी व्यवस्था:</u> कार्यक्रमको अनुगमन तथा निरीक्षण मन्त्रालय र अन्तर्गतका निकायहरु, प्रदेश मन्त्रालय र मातहतका निकायहरु तथा स्थानीय तह एवम्, यस कार्यविधिमा व्यवस्था भएका समितिहरुबाट संयुक्त रुपमा वा छुट्टाछुट्टै हुनेछ।

१७. <u>प्रचलित कानून बमोजिम हुने</u> (१) यस कार्यविधि बमोजिम प्रोत्साहन अनुदान प्राप्त गर्ने अनुदानग्राहीले अनुदानको दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित कानून बमोजिम कारबाही गरिनेछ।

(२) बीउ बिजन प्रमाणीकरण सम्बन्धमा बीउ बिजन प्रमाणीकरण निर्देशिका, २०७४ अनुसार र बीउ बिजन सम्बन्धि अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

१८. <u>गुनासो व्यवस्थापन:</u> (१) यस कार्यविधि अन्तर्गत सञ्चालित कार्यक्रममा कुनै गुनासो भएमा समिति समक्ष उजुरी गर्न सकिनेछ र गुनासोको सम्बन्धमा समितिबाट भएको निर्णय अन्तिम हुनेछ।

(२) यस कार्यविधि अन्तर्गतका कार्यक्रम सञ्चालन प्रक्रियामा उल्लेख भएको व्यवस्था अस्पष्ट भएमा समितिले स्पष्ट पार्नेछ।

१९. <u>कार्यविधिको ब्याख्या बाधा अड्काउ फुकाउने:</u> यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा उत्पन्न भएमा वा कुनै बाधा अड्काउ आइपरेमा मन्त्रालयले आवश्यक निर्णय गरी स्पष्ट गर्न वा बाधा अड्काउ फुकाउन सक्नेछ।

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं

सचिव

अनुसूची-१

(दफा ६ को उपदफा (४) को खण्ड (ख) सँग सम्बन्धित)

**स्रोत बीउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रममा आबेदनका लागि आवश्यक कागजातहरु**

(क) स्रोत बीउ उत्पादनका लागि प्राप्त इजाजत/अनुमतिपत्र नवीकरणको प्रतिलिपि

(ख) संस्था/फर्म दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि

(ग) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

(घ) भ्याट/प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपि

(ङ) स्रोत बीउ खरिद बील

(च) आवेदन माग गर्दा सूचनामा तोकिएका अन्य कागजातहरु

## अनुसूची-२

(दफा ६ को उपदफा (४) को खण्ड (घ) सँग सम्बन्धित)

**स्रोत बीउ उत्पादनमा प्रोत्साहन अनुदानका लागि आवश्यक कागजात**

(क) पूर्व जानकारी फारम (बीउ बिजन प्रमाणीकरण निर्देशिका, २०७४ बमोजिम)

(ख) बीउ बाली खेत निरीक्षण प्रतिवेदन फारम (बीउ बिजन प्रमाणीकरण निर्देशिका, २०७४ बमोजिम)

(ग) स्रोत बीउको ट्यागको विवरण

(घ) बीउ विश्लेषण प्रतिवेदन,

(ङ) स्रोत बीउ खरिद बील

(च) स्रोत बीउ वितरण विवरण (बिल र भर्पाई)

(छ) सूचनामा माग गरिए बमोजिमका अन्य कागजात

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार, काठमाण्डौं

सचिव

## अनुसूची-३

(दफा ७ को उपदफा (४) (ग) सँग सम्बन्धित)

उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रममा आवेदनका लागि आवश्यक कागजातहरु

(क) बीउ बिजन कारोबार सम्बन्धी अनुमतिपत्रको प्रतिलिपि

(ख) संस्था/फर्म दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि

(ग) प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि

(घ) आवेदन माग गर्दा सूचनामा तोकिएका अन्य कागजात

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव

अनुसूची-४

(दफा ७ को उपदफा (४) को खण्ड (ज) सँग सम्बन्धित)

**उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदानका लागि आवश्यक कागजात**

(क) स्रोत बीउ खरिदको विवरण

(ख) स्रोत बीउको ट्याग विवरण

(ग) खेत निरीक्षण प्रतिवेदन

(घ) सम्पूर्ण बीउ विश्लेषण प्रतिवेदन

(ङ) लट प्रमाणीकरण गरिएको कागजात

(च) उन्नत बीउ बिक्री भएको प्रमाण

(छ) जिल्ला स्थित कार्यालयले माग गरेका अन्य कागजातहरु

## अनुसूची-५

(दफा ७ को उपदफा (५) सँग सम्बन्धित)

क. बीउ उत्पादक कृषक वा समूह वा बीउ बिजनसँग सम्बन्धित सहकारी संस्था वा निजी कम्पनी वा उद्यमीलाई बढीमा ५० प्रतिशत अनुदानमा उपलब्ध हुने पूर्वाधार निर्माणकाक्रियाकलापहरु

| क. स. | पूर्वाधार | कैफियत |
|---|---|---|
| १ | बीउ भण्डारण गोदाम | आवश्यकता अनुसार लागत अनुमानका आधारमा |
| २ | बीउ सुकाउने टहरा र खलियान | |
| ३ | बीउ प्रशोधन प्लान्ट | |
| ४ | बीउ उपचार प्लान्ट | |
| ५ | मेशिन औजार भण्डारण टहरा | |
| ६ | कार्यालय कोठा | |
| ७ | आवश्यकता अनुसार अन्य | |

ख. बीउ उत्पादक कृषक वा समूह वा बीउ बिजनसँग सम्बन्धित सहकारी संस्था वा निजी कम्पनी वा उद्यमीलाई बढीमा ५० प्रतिशत अनुदान उपलब्ध गराइने मेशिनरी औजारहरुको सूची

| क स | मेशिनरी औजार तथा उपकरणको विवरण | कैफियत |
|---|---|---|
| १ | ट्याक्टर | आवश्यकता अनुसार लागत अनुमानका आधारमा। |
| २ | मोल्डबोर्ड प्लो | |
| ३ | कल्टिभेटर | |
| ४ | डिक्स ह्यारो | |
| ५ | रोटाभेटर | |
| ६ | बीउ तथा मल ड्रिल | |

| क स | मेशिनरी औजार तथा उपकरणको विवरण | कैफियत |
|---|---|---|
| ७ | प्लान्टर | |
| ८ | लेभलर | |
| ९ | कम्बाइन हार्भेष्टर | |
| १० | मकै छोडाउने मेशिन | |
| ११ | झार गोड्ने मेशिन | |
| १२ | धान रोप्ने मेशिन | |
| १३ | पावर स्प्रेयर | |
| १४ | बिद्युतीय तथा सोलार मोटर पम्प | |
| १५ | रिपर | |
| १६ | रिज मेकर | |
| १७ | चिस्यान मापन यन्त्र | |
| १८ | विनोअर (पंखा) | |
| १९ | पावर टिलर | |
| २० | डाइरेक्ट सिड ड्रिल | |
| २१ | आवश्यकता अनुसार अन्य | |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं
सचिव